# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश घोराही दाङ

**खण्ड ८ संख्या १७ स्थानीय राजपत्र भाग १ मिति २०८१।११।०९**

**नगरसभाबाट पारित मितिः २०८१।०९।१७**

## प्लाष्टिकजन्य वस्तु प्रतिबन्ध सम्वन्धी ऐन २०८१

घोराही उप-महानगरपालिका क्षेत्र भित्र दिन प्रनिदिन पलाष्टिकजन्य फोहोर वढ्दै जादा नगरवासीहरुको जनस्वास्थ्य र नगरको समग्र वातावरणीय सुन्दरतामा असर परिरहेकोले प्लाष्टिकजन्य वस्तुको प्रतिकुल प्रभावलाई न्यून गरि नगरलाई सफा, स्वच्छ, स्वस्थ र सुन्दर वनाउन फोहोरमैलाको स्रोतमा न्यूनीकरण, पुन:प्रयोग, पुन:चक्रण वा विर्सजन गर्ने क्रममा नगर क्षेत्र भित्रको प्लाष्टिकजन्य वस्तुको उत्पादन, विक्रि, वितरण, भण्डारण, प्रयोग र जलन निषेध गरि प्लाष्टिकजन्य झोलाहरु लगायत एक पटक प्रयोग हुने प्लाष्टिकका वस्तुहरुको नियमन र व्यवस्थापन गर्न साथै वातावरण तथा मानव स्वास्थ्यमा पर्ने जोखिम न्यूनीकरण गर्नको लागि नेपाल सरकारले आ.व. २०७८/०७९ को आय व्ययको बुदा नं. १६० मा ४० माइक्रोन भन्दा पातलो प्लाष्टिक २०७८/०४/०१ गते देखि पूर्णरुपमा प्रतिबन्ध लगाउने नीतिगत उदघोष र सम्मानित सर्वोच्च अदालत बाट मिति २०७८/०४/२८ गते नेपाल सरकारले घोषणा गरेको प्रतिबन्धलाई प्रभावकारी रुपमा पालना गराउन सरकारका नाममा आदेश भए बमोजिम स्थानीय ऐन बनाउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चान ऐन २०७४ को दफा १०२ को उपदफा १ वमोजिम घोराही उप-महानगरपालिकाको नगर सभावाट यो ऐन बनाएको छ ।

### परिच्छेद –एक

### प्रारम्भिकः

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "घोराही उप-महानगरपालिकाको प्लाष्टिकजन्य वस्तु प्रतिबन्ध सम्वन्धी ऐन,२०८१" रहेको छ ।

**(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएका मिति देखि प्रारम्भ हुनेछ ।**

२.परिभाषा :विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा ,

(क) **"ऐन"** भन्नाले "घोराही उप-महानगरपालिकाको प्लाष्टिकजन्य वस्तु प्रतिबन्ध सम्वन्धी ऐन,२०८१ सम्झनुपर्दछ।

(ख) **"उप-महानगरपालिका"** भन्नाले घोराही उप-महानगरपालिका सम्झनुपर्दछ ।

(ग) **"प्रमुख "**भन्नाले घोराही उप-महानगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ र सो शव्दले प्रमुखको काम गर्न तोकिएको व्यक्तलाई समेत सम्झनुपर्दछ।

(घ)) **"उप-प्रमुख"** भन्नाले घोराही उप-महानगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ।

(ङ) **"नगर प्रहरी"** भन्नाले यस उप-महानगरपालिकाको नगर प्रहरीमा नियुक्त कर्मचारी सम्झनु पर्दछ।

(च) **"हानीकारक फोहोरमैला"** भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने मानव तथा अन्य प्राणीहरुको स्वास्थ्यमा हानी नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्कासित वस्तु, पर्दाथ तथा रेडियो विकिरणहरु पर्दछन्।

(छ) **"विर्सजन"** भन्नाले फोहोरमैलाको अन्तिम व्यवस्थापन तथा निष्कासन सम्झनुपर्दछ।

(ज) **"अनुगमन समिति"** भन्नाले ऐनको दफा ६ वमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ।

(झ) **"प्लाष्टिकजन्य वस्तु"** भन्नाले प्लाष्टिकवाट निर्मित झोला, कप, गिलास, प्लेट, चम्चा, काटा, प्लाष्टिकमा वेरिएको गुट्खा, सुर्ति र पान मसला, प्लाष्टिकवाट निर्मित फूलहरु सम्झनुपर्दछ।

(ञ) **"वैकल्पिक झोला"** भन्नाले Starch based bio-degradable plastic, कटन कागज कपडा, जुटवाट वनेको दैनिक उपभोग्य वस्तु तथा सामान ओसापसार गर्नका लागि वनाइएका degradable झोला सम्झनुपर्दछ।

(ट) **"अधिकार प्राप्त निकाय वा व्यक्ति"** भन्नाले यस ऐनले तोकेको केही वा सवै काम कार्यान्वयनको निमित्त उप- महानगरपालिकाले तोकेको कुनै संस्था कर्मचारी वा अधिकारी लाई जनाउनुका साथै यो शव्दले प्रमुख प्रशासकीय अधिकृतलाई समेत जनाउदछ।

(ठ) **"निजि क्षेत्र"** भन्नाले नाफा कमाउने वा नकमाउने गरि स्थापना भएको कम्पनी वा टोल विकास संस्था वा सामाजिक संघ संस्था तथा राष्ट्रिय संघ संस्था समेत भनि सम्झीनुपर्दछ।

(ड) **"सार्वजनिक निजि क्षेत्र साझेदारी"** भन्नाले सार्वजनिक क्षेत्र (उप -महानगरपालिका) र निजि क्षेत्रमा काम गर्ने सम्वन्धमा कानून वमोजिम आपसी सहमतिमा हुने लाभ, लागत र जोखिमको साझेदारीलाई सम्झनु पर्दछ।

(ढ) **"तोकिएको वा तोकिए वमोजिम"** भन्नाले यस उप-महानगरपालिकाले समय –समयमा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ।

(ण) **"न्यूनिकरण"** भन्नाले कुनै पनि प्रविधि वा उपायको प्रयोग गरि सानो आकार तथा पुन: प्रयोग गरि परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्दछ।

## परिच्छेद -२

## प्लाष्टिकजन्य वस्तुहरुको प्रयोग र त्यसको नियमन सम्वन्धी व्यवस्था

### ३. पलाष्टिकजन्य वस्तु प्रयोग गर्न प्रतिवन्ध:

१. सार्वजनिक जनस्वास्थ्य र वातावरणीय संरक्षणलाई ध्यानमा राखि प्लाष्टिकजन्य वस्तुको उत्पादन आयात, निर्यात, विक्रि वितरण र भण्डारण, प्रयोग तथा जलनमा रोक लगाइएकोछ।

२. खाद्य पदार्थ तथा जुत्ता लत्ताकपडा लगाएतका वस्तुहरु साथै कम्पनीवाट प्याकीङ भई आएका प्लाष्टिक आदी जथाभावी फ्याक्न थुपार्न जलाउन पाइने छैन।

३. प्लाष्टिक झोलाहरु जो पुन:चक्रण (recycle) गर्न नसकीने प्रकृतिका हुन्छन् तिनिहरुको प्रयोगमा उप-महानगरपालिकाले पूर्ण रुपमा रोक लगाउन सक्नेछ।

४. कुनै चिज वस्तु प्याकीङ भई आएका प्लाष्टिकजन्य पदार्थहरु प्रयोग कर्ताले सुरक्षित रुपमा भण्डारण गरि त्यसलाई विक्री वितरण गर्ने व्यवस्था आफैले मिलाउनु पर्नेछ ।

५. पुन :चक्रण गर्न सकिने प्लाष्टिकहरु उपभोग कर्ताले आफै विक्री वितरण गर्न नसक्ने भएमा त्यस्ता प्लाष्टकहरु अन्य फोहोरमैलामा नमिसाई उप-महानगरपालिकाले तोकिदिएको स्थान सम्म पुऱ्याउनु पर्ने जिम्मेवारी सम्वन्धीत उपभोग कर्ताको हुने छ ।

६. प्लालिष्टकजन्य वस्तुहरु उप-महानगरपालिका तोकिदिएको स्थानवाट मात्र पुन :चक्रणको लागि संकलन गर्ने र यसरी संकलन गर्दा उप-महानगरपालिकाले तोकिएको शुल्क तिनुपर्नेछ ।

७. कुनै पनि प्रकारका प्लाष्टिकजन्य वस्तुहरु अन्य फोहोरमैला सँग मिसाई राख्न पाइने छैन । यसलाई छुट्टै पोका, भाँडा वा वोरामा राखी उप-महानगरपालिकावाट खटिने फोहोरमैला संकलकलाई अन्य फोहोरमैला भन्दा अलग गरि उपलब्ध गराउनु पर्नेछ वा सूक्ष्म वर्गिकरण केन्द्रमा दिन सक्नेछ ।

८. उपभोक्ताले प्रयोग गरि सकेका प्लाष्टिकजन्य वस्तुका  खोलहरु निजि क्षेत्र संघ संस्था मार्फत खरिद गर्न लगाई पुन: चक्रणका लागी सम्वन्धीत निकायमा विक्रि गर्न उप -महानगरपालिकाले सघाउने छ ।

९. यो ऐनले निषेध गरेका प्लाष्टिकका वस्तुहरु वाहेक अन्य प्लाष्टिकजन्य वस्तुहरुको उपयोग पछि भएको प्लाष्टिकजन्य फोहोरको व्यवस्थापनमा त्यस्ता प्लाष्टिकका वस्तुहरु उत्पादन गर्ने उत्पादन कर्तावाट तोकिए वमोजिम  रकम लगाइनेछ ।

१०. साझेदारीमा अन्य पालिका सँग सहकार्य गरि प्लाष्टिक मुक्त अभियान गर्न चाहेमा सम्बन्धित पालिकाका प्रमुखहरुले कार्य योजना वनाइ सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

**४. प्लाष्टिकजन्य विक्रि वितरण सम्वन्धमा:**

यो ऐन लागु भएपछि कुनै पनि फर्म कम्पनी वा व्यक्तिले निषेधीत प्लाष्टिकजन्य वस्तुहरु नगर क्षेत्रमा उत्पादन, विक्री वितरण, आयात, भण्डारण, प्रयोग र जलाउन समेत पाइने छैन ।

**५. उप-महानगरपालिकामा निषेधीत प्लाष्टिकजन्य वस्तुहरुको प्रयोगलाई नियमन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि देहायका कार्य गर्ने वा गराउने छ ।**

१. निषेधित प्लाष्टिकजन्य वस्तुहरु भन्दा उत्तम अन्य वातावरणमैत्री थप विकल्प खोजेर निषेधीत प्लाष्टिकजन्य वस्तुहरु विस्थापीत गर्न स्थानीय स्तरमा सामाजिक परिचालनको माध्यमवाट सहजिकरण कार्य गर्ने ।

२. फोहोरमैला व्यवस्थापन तथा निषेधित प्लाष्टिकजन्य वस्तुहरु सम्बन्धित हरेक टोलहरुमा विभिन्न वैठक भेला एवं अन्तरक्रिया अभिमुखीकरण कार्यक्रमको आयोजना गरि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

३. 5 R (Refuse, Reduce, Reuse, Recycle & Repurpose) कार्यान्यवन गर्न आवश्यक पहल तथा सचेतना कार्यक्रम गर्ने साथै सुविधा र पुरस्कार प्रदान गर्ने नीतिगत व्यवस्था गर्ने ।

४. यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन गर्ने ।

५. निषेधित प्लाष्टिकजन्य बस्तुहरु सम्बन्धि कार्य योजनालाइ सरोकारवाला संस्था सहकार्यमा प्रभाकारी तवरले कार्यान्वयन गर्ने ।

६ .  निषेधित प्लाष्टिकजन्य बस्तुहरु नियन्त्रण अभियानलाई निरन्तरता दिनका लागि वार्षिक योजना कार्यक्रम र वजेटको व्यवस्था मिलाउने ।

७. कार्यक्रमको सम्वन्धमा आवश्यक  प्रचार प्रसार गर्ने गराउने व्यबस्था मिलाउने।

८. प्लाष्टिक झोला विस्थापन गर्न Bio-degradable (कपडा कागज, Starch based Bio-degradable plastic) झोला उत्पादन  गर्ने उद्योग खोल्ने उद्यमीलाई उप-महानगरपालिकाले आवश्यक प्रोत्साहन गर्ने छ।

**६. नगर अनुगमन समिति:**

(१) निषेधित प्लाष्टिक जन्य वस्तुहरुको नियमन तथा नियन्त्रण गर्ने प्रयोजनका लागि उप- महानगरपालिकामा देहाय वमोजिमको नगर अनुगमन समिति रहनेछ।

क. संयोजक-नगर उप-प्रमुख

ख. सदस्य-वन वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक

ग. सदस्य –सम्वन्धीत वडा समितिको वडा प्रतिनिधि

घ. सदस्य-प्रतिनिधि स्थानीय प्रहरी कार्यालय

ङ. सदस्य-उद्योग वाणिज्य संघ र विभिन्न व्यवसायीक संघ संस्थाले तोकेको प्रतिनिधि २ जना

च. सदस्य  -वातावरण संरक्षण क्षेत्रमा काम गरिरहेका संघ संस्था र उपभोक्ता हित संरक्षण मञ्च मध्येवाट नगर प्रमुखले तोकेको प्रतिनिधि २ जना

छ. सदस्य –पत्राकार महासंघ प्रतिनिधि १  जना

ज. सदस्य-नगर प्रहरी इन्जार्च

झ. सदस्य सचिव- वातावरण तथा विपद् व्यवस्थापन महाशाखा प्रमुख

२. उप-महानगरपालिकाले ऐनलाई प्रभावकारी वनाउन आवश्यक उप-समिति तथा हरेक वडा वडामा अनुगमन समिति गठन गर्न सक्नेछ। उप-समिति तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार  समितिले निर्धारण गरे वमोजिम हुनेछ।

३. आवश्यकता अनुसार नेपाल सरकारका सम्वन्धीत निकायका प्रमुख एवं प्रतिनिधिहरु, विषय विज्ञहरुलाई समितिले आमन्त्रण गर्न सक्नेछ।

**७. नगर अनुगमन समितिको काम कर्तव्य  र अधिकार:**

१. यस ऐन वमोजिम निषेधित प्लाष्टिकजन्य वस्तुहरुको उत्पादन, विक्री वितरण, प्रयोग तथा जलन भए नभएको अनुगमन गर्ने।

२. यस ऐन विपरित निषेधित प्लाष्टिकजन्य वस्तुहरुको उत्पादन, विक्रि वितरण र  प्रयोग गर्ने व्यवसायी संस्था वा व्यक्तिवाट निषेधित प्लाष्टिकजन्य बस्तुहरु जफत गर्ने।

३. निषेधित प्लाष्टिकजन्य वस्तुहरुको विक्री वितरण र प्रयोग गर्न कम गर्ने किसिमका सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

४. अनुगमन समितिलाई निषेधित प्लाष्टिकजन्य वस्तुहरु प्रतिवन्धका साथै फोहोरमैला  व्यवस्थापन सम्वन्धी कार्यमा स्वास्थ्य समिति, विपद् व्यवस्थापन समिति, उपभोक्ता हित संरक्षण शाखा तथा सरसफाई शाखा सँग समन्वय गर्ने।

५. अनुमगन समिति तथा नगर प्रहरीवाट प्राप्त सिफारीसलाई पुनरावलोकन गरि जरिवाना गर्ने।

६. 5R का कार्यहरुलाई प्रोत्साहन गर्न आवश्यकता अनुसार सुविधा वा पुरस्कार प्रदान गर्न सिफारीस गर्ने।

७. कसूरको मात्रा हेरी सजाय वा जरिवाना गर्ने ।

८. निषेधित प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रण सम्वन्धी तोकिए वमोजिम अन्य काम गर्ने ।

९. निषेधित प्लाष्टिकजन्य  वस्तुहरु जफत गरेको सूचना तत्कालै नजिकको उपयुक्त स्थानमा  सार्वजनिक गर्ने ।

**८. निषेधित प्लाष्टिक जन्य वस्तुहरु नियन्त्रण प्रक्रिया:**

दफा ६  अनुसार  गठित नगर अनुगमन समितिले उप-समिति स्वास्थ्य तथा फोहोरमैला व्यवस्थापन समितिवाट नगर क्षेत्रमा निषेधित प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रणका लागि स्थानीय स्तरमा अनुगमन गर्न सक्नेछ । अनुगमन गर्दा प्लाष्टिक झोला उत्पादन, भण्डारण, विक्री, प्रयोग जलन भएको पाइएमा नियम अनुसार प्रक्रिया वमोजिम कारवाही गरिनेछ ।

१. निषेधित प्लाष्टिकजन्य वस्तुहरुलाई अभिलेख राखी नियन्त्रणमा लिने ।

२. निषेधित प्लाष्टिकजन्य वस्तुहरु उत्पादक, भण्डारण, विक्री, प्रयोगकर्ता वा जलाउनेलाई ऐनको दफा १० अनुसार तुरुन्तै जरिवाना गर्ने ।

३. निषेधित प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रणमा लिएको सूचना तत्कालै सार्वजनिक गर्ने ।

**९. कसुर:**

यस ऐन विपरित निषेधित प्लाष्टिकजन्य वस्तुहरु उत्पादन विक्रि, वितरण, आयात, भण्डारण, प्रयोग र जलन गरेमा यस ऐनको प्रयोजनको लागि कसुर गरेको मानिनेछ ।

**१०. दण्ड सजाय:**

१. यस ऐन विपरित काम गर्ने उत्पादक, विक्रेता, प्रयोगकर्ता वा जलाउनेलाई कसुरको मात्रा हेरी उप-महानगरपालिकाले निम्न वमोजिमको जरिवाना वा सजाय गर्न सक्नेछ :

क. प्लाष्टिक/पोलिथिन झोला उत्पादनकर्तालाई  प्रथम पटक रु.२०००/- (दुई हजार  रुपैया ) दोस्रो पटक रु.४०००/- (चार हजार  रुपैया ) र तेस्रो पटक रु.६०००/- (छ हजार  रुपैया) जरिवाना गरिनेछ । त्यसपछि पनि  उत्पादन गरेमा नाम सार्वजनिक गरि अन्य दण्ड सजायलाई अगाडी वढाउने ।

ख. प्लाष्टिक झोला विक्रेतालाई प्रथम पटकको लागि रु. १०००/- (एक हजार रुपैया) र दोस्रो पटकको रु.३०००/- (तीन हजार रुपैया ) तेस्रो पटक देखि रु. ५०००/- (पाँच हजार रुपैया ) को दरले जरिवाना गर्ने ।

ग. प्लाष्टिक/पोलिथिन झोला प्रयोग गर्ने र जलाउनेलाई प्रथम पटक रु. ५०/-(पचास रुपैया ) दोस्रो पटक रु. १००/- (एक सय रुपैया ) र तेस्रो पटक रु.१५०/- (एकसय पचास रुपैया) जरिवाना गरिनेछ । त्यसपछि पनि  प्रयोग वा जलन गरे नाम सार्वजनिक गरि अन्य दण्ड सजायलाई अगाडी वढाउने ।

(२) दफा १० को १ को खण्ड (क) र (ख) अनुसारको ऐनको उल्लङ्घन गर्ने उत्पादक र विक्रिकर्तालाई उप-महानगरपालिकाले व्यवसायिक दर्ता खारेजी तथा कारोबार बन्द गर्न एवं उप-महानगरपालिकावाट प्रदान हुने सवै प्रकारका सेवा सुबिधा वन्द गर्ने ।

**११. प्रोत्साहन:**

१.उप-महानगर क्षेत्रमा निषेधित प्लाष्टिकजन्य वस्तुहरु उत्पादन, विक्री, वितरण, आयात, निर्यात, भण्डारण, जलन तथा प्रयोग गरेको सूचना गर्ने व्यक्तिलाई जरिवाना रकमको १०% प्रतिशत रकम पुरस्कार स्वरूप प्रोत्साहन रकम दिने ।

(२) दफा ११ को १ को वमोजिम सूचना गर्ने व्यक्तिको नाम थर र ठेगाना गोप्य राख्ने।

**परिच्छेद –तीन**

**विविध**

**१२. गुनासो सुनुवाई :** दफा १० वमोजिम गरिएको कार्वाही प्रति चित्त नवुझे सरोकारकावालाले जरिवाना भएको मितिले १५ दिनभित्र उप-महानगरपालिकाको प्रमुख समक्ष प्रमाण सहित लिखित रुपमा गुनासो पेश गर्न सक्नेछ। सो गुनासो उपर उप-महानगरपालिकावाट गुनासो पेश भएको एक हप्ताभित्र सुनुवाई गरि सक्नु पर्नेछ।

**१३. ऐनमा हेरफेर:**

यो ऐनको कार्यान्वयनका लागि आवश्यकता अनुसार संशोधन वा थपघट गर्नु परेमा नगर सभावाट आवश्यक परिमार्जन वा थपघट गर्न सकिनेछ।

**१४. नियमावली निर्देशिका कार्यविधि वा मापदण्ड वनाई लागू गर्न सक्ने :**

१.यस ऐनलाई कार्यान्यिवन गर्न उप-महानगरले आवश्यक नियम बनाउन सक्नेछ।

२.उप-महानगरपालिकाले यस ऐन अन्तर्गत वनाएको नियमावली कार्यान्वयन गर्न आवश्यकता अनुसार निर्देशिका कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

**१५. प्रचलित कानून वमोजिम हुने :**

यस ऐनमा लेखिएको विषयमा यसै ऐन वमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

**१६. बचाउ :**

यस ऐनको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ।

आज्ञाले

ऋषिराम के.सी.

प्रमुख प्रशासकीय अधिकृत